# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, मंसीर ६ गते २०५६ साल (संख्या ३१


## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले खण्ड ४३, पूर्वातिरिक्ताङ्क ३९ (क+१), मिति २०५० साल कात्तिक १ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम स्थापित क्षेत्रीय संयोजक कार्यालयहरूलाई क्षेत्रीय कोष निर्देशनालय नामाकरण गरी सम्बन्धित निर्देशनालय रहेको जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयको काम समेत गर्ने गरी तोकेको छ। साथै कोष तथा लेखा नियन्त्रक कार्यालय कैलालीलाई क्षेत्रीय कोष निर्देशनालयमा परिणत गरी उक्त निर्देशनालय रहेको जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयको कामसमेत गर्ने गरी तोकेको हुँदा यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार
# कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकारले पशु-चिकित्सा परिषद् ऐन, २०५५ को दफा ५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सोही दफाको उपदफा (१) बमोजिमको परिषद् गठन नभएसम्मको लागि परिषद्ले गर्नु पर्ने काम गर्ने गरी देहायबमोजिमको समिति गठन गरेको छः–

| | |
|---|---|
| १. डा. दुर्गादत्त जोशी | – अध्यक्ष |
| २. डा. प्रल्हाद सापकोटा | – सदस्य |
| ३. डा. नीलप्रकाश सिंह कार्की | – सदस्य |
| ४. डा. भोलामेहर श्रेष्ठ | – सदस्य |
| ५. डा. शुभनारायण महतो | – सदस्य |
| ६. डा. प्रभाकर पाठक | – सदस्य |
| ७. डा. ब्रजकिशोर प्रसाद शाह | – सदस्य |

आज्ञाले,

डा. मुक्तिनारायण श्रेष्ठ

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार